INHURED International has Special Consultative Status with ECOSOC of United Nations.
Rgd. Kath: 467/047/048
Rgd. US: IRC 501 (C)(3)

INHURED

इन्हुरेड इन्टरनेशनल
INHURED INTERNATIONAL
International Institute for Human Rights, Environment and Development
institut international des droits de l'personne, de l'environnement et du developpment
*Official Partner*
POPULATION WATCH

PopWatch

# गणतन्त्रमय हार्दिक शुभकामना

*ललितपुर, २०६५ जेठ १६ गते ।*

मानव अधिकार र लोकतन्त्र विरोधी २४ दशक लामो निरकुंश राजतन्त्रको अन्त्य भई नागरिक सम्प्रभुता पूर्ण रुपमा स्थापना भएको यस ऐतिहासिक अवसरमा इन्हुरेड इन्टरनेशनल सम्पूर्ण मानव अधिकारप्रेमी नेपाली जनताप्रति ऐक्यबद्धता जाहेर गर्दछ ।

तानाशाही सामन्ती शासनको प्रतिकको रुपमा रहेको नेपालको राजतन्त्रका कारण दशकौंसम्म नेपाली जनता मानव अधिकारको प्रत्याभूतिबाट विमुख रहेको जगजाहेर छ । सैन्य बलको आडमा जनतालाई सधै त्रासदीपूर्ण हुकुमी शासनभित्र जकडी राख्ने शक्ति केन्द्रको रुपमा रहेको निरंकुश राजतन्त्रको अन्तिम अवशेष समेत नेपाली जनताले वैधानिक माध्यमबाट हिजोमात्र सदाको निम्ति समाप्त गरेका छन् ।

यस महान घडीमा जनताको शक्ति नै अजेय शक्ति हो भन्ने ध्रुवसत्यलाई आत्मसात गरी जनअधिकार खोस्ने जो-कोहीलाई जनताले ढिलो/चाँडो आफ्नो अधिनमा ल्याई दण्डित गरेको अनुपम उदाहरण नेपाली जनताले यस घटनाबाट प्रदर्शन गरेका छन् । तसर्थ, नागरिक सम्प्रभुताको कदर गरी लोकतान्त्रिक पद्धतिबाट जनताको अधिकारलाई सुनिश्चित र सम्मान गर्नुको कुनै विकल्प नरहेको कुरा इतिहासले पुनः पुष्टि गरेको छ ।

मुलुक गणतन्त्रमा प्रवेश गरेको वर्तमान परिवेशमा हिंसाको राजनीतिको पूर्ण रुपमा अन्त्य गर्दै दीगो शान्ति, समावेशी लोकतन्त्र र मानव अधिकारको सम्बर्द्धनको निम्ति दण्डहिनतामा शुन्य सहिष्णुता प्रदर्शन गर्ने संस्कृतिको निर्माण हुनेछ भन्नेमा हामी विश्वस्त छौं । यस सन्दर्भमा, विगतमा मानव अधिकार उल्लंघनसँग सम्बन्धित जघन्य अपराध र ज्यादतिका घटनाहरुको छानबिन गरी दोषीलाई दण्ड र पीडितलाई न्याय प्रदान गरी जवाफदेही संस्कृतिको विकास गरिनु पर्दछ भन्ने हाम्रो अडान पुनः दोहोऱ्याउन चाहन्छौं । दण्डहिनताको समुल अन्त्यबाट मात्र मानव अधिकारको रक्षा र कानुनी राजको अवधारणा सुदृढ बन्ने भएकोले बलको कानुनलाई अन्त्य गरी कानुनको बललाई संस्थागत गर्ने राजनीतिक प्रतिबद्धताबाट मात्र लोकतान्त्रिक गणतन्त्रको सार्थकता रहनेछ ।

डा. गोपाल कृष्ण सिवाकोटी
अध्यक्ष

GPO Box : 12684, Ktm., Jhamsikhel, Lalitpur-2, Nepal Tel : 977-1-5531896 Fax : 977-1-5547616
Email : info@popwatch.org.np www.inhurednepal.org
Address in US : Office of the UN Representative, 41-42, Elbertson Street, Suite 301, Elmhurst, New York 11377, Tel/Fax : 1-718-4722018